# यसको साथ दौड्नुहोस

एक पृष्ठ

## येशूले महिलाहरूलाई कस्तो व्यवहार गर्नुभयो?

**उहाँले तिनीहरूलाई बहुमूल्य र भरपर्दो दिदी-बहिनीहरूको रूपमा व्यवहार गर्नुभयो।** उहाँले तिनीहरूलाई माया गर्नुभयो, कदर गर्नुभयो, र सम्मान गर्नुभयो, जुन परमेश्वरको राज्यमा सामान्य थियो, तर यहूदी संस्कृतिमा चकित पार्ने कुरा थियो। उहाँको रगतले पापलाई हरन गर्यो, र उहाँको पुनरुत्थानले मृत्यु र पतित संसारलाई पराजित गर्यो, र उद्धार गरिएको परिवारको स्थापना भयो।

**मुख्य शब्द**

**उद्धारक**

येशूले परमेश्वरको बिचारलाई मुल्य तिरेर फिर्ता लाउनुभयो

**येशू कट्टरपन्थी हुनुहुन्थ्यो।**

**यूहन्ना ४:१-४२**

येशूले इनारमा सामारी स्त्रीसँग कुरा गर्नुभयो, उनीसँग धर्मशास्त्रको चर्चा गर्नुभयो, र आफूलाई मसीहको रूपमा पहिलो पटक प्रकट गर्नुभयो। उहाँले उहाँको पहिलो "म हुँ" भन्ने बयान दिनुभयो। त्यसपछि त्यो स्त्री गाउँमा प्रचारिका भइन्। येशूले धेरै सिमाहरू पार गर्नुभयो -सामारी (जाति), महिला (लिंग), पापपूर्ण (पवित्रता), ईश्वरशास्त्र (परम्परा)।

**लूका १०:३८-४२**

मरियम येशूको खुट्टामा बसिन्। यहूदी संस्कृतिले महिलाहरूलाई टोरा (व्यवस्थाका पुस्तकहरू) सिक्न निषेध गरेको थियो। मरियमले शिक्षकको खुट्टामा बस्दा चेलाको स्थान लिइन्। तिनले चेलाहरूसँग तिनीहरूले सिकेको कुरा तिनलाई सिकाउन भन्ने अपेक्षा गरेकी थिइन्। मरियम वास्तवमा शिक्षिका बन्न सिक्दै थिइन्।

**लूका १३:१०-१७**

सभाघरहरूमा, महिलाहरूलाई पछाडि बस्न नियुक्त गरिएको थियो। येशूले स्त्रीलाई आफूकहाँ अगाडि आउन बोलाउनुभयो... उहाँले तिनलाई निको पार्नुभयो र तिनलाई "अब्राहामको छोरी" भन्नुभयो। "अब्राहामको छोरी" एक सामान्य शब्द थियो, तर "अब्राहामको छोरी" कहिल्यै प्रयोग गरिएको थिएन्। येशूले महिलाहरूको ठूलो मूल्य र मर्यादा छ भनी देखाउनुभयो।

**यूहन्ना ११:१७-२७**

लाजरसको मृत्युमा मार्था र येशूले गहिरो धर्मशास्त्रीय कुराकानी गरेका थिए। येशूले आफ्ना चेलाहरूलाई उहाँ "पुनरुत्थान र जीवन" हुनुहुन्छ भनी बताउनुभएको थिएन तर उहाँले मार्थालाई यो अविश्वासनीयत सत्यता बताउनुभयो! परमेश्वरले पुरुषहरूलाई जस्तै महिलाहरूलाई पनि आध्यात्मिक सत्यता प्रकट गर्न सक्नुहुन्छ भनेर देखाउँदै उनले पत्रुसले प्रयोग गरेको विश्वासका शब्दहरूका साथ जवाफ दिइन्।

**लूका ११:२७-२८**

एउटी महिलाले परम्परागत गुरुले दिने आशीर्वाद बोलिन्, "धन्य त्यो नारी जसले तपाईंलाई गर्भधारण गरिन्, र आफ्नै दुध खुवाइन्।" साँचो "धन्यकी" त्यो हो जसले परमेश्वरको वचन सुन्छ र पालन गर्छ भनेर येशूले यो विश्वासलाई सच्याउनुभयो। आफ्ना छोराछोरीको हेरचाह गर्ने स्त्रीहरू मात्र धन्यकी होइनन्, जो कोहीले पनि धन्यकी हुन सक्छन्!

**चार प्रमुख जीवन घटनाहरूको केन्द्रमा रहेका ती कुराहरूलाई माथि ल्याएर येशूले महिलाहरूप्रति सम्मान प्रकट गर्नुभयो।**

**येशूको जन्म** -मरियमले गर्भधारण गरिन्, जन्म दिइन् र दुध खुवाइन्।
**दफनको लागि येशूको अभिषेक** -एउटी स्त्रीले मूल्यवान अत्तरले उहाँको शरीरलाई अभिषेक गरिन्। तिनलाई सधैं सम्झिनेछन्।
**येशूको मृत्यु** -उहाँको मृत्युको समयमा महिलाहरू विश्वासयोग्यपूर्वक नजिकै रहेर हेर्दै शोक गरे।
**येशूको पुनरूत्थान** -महिलाहरू येशूको मृत शरीरलाई सम्मान गर्न त्यहाँ आए। येशूले मरियम मग्दलिनीलाई पुनरुत्थानको सन्देश दिनुभयो!

## निष्कर्ष

येशूले स्त्रीहरूको श्रेष्ठता पुरुषहरूको भन्दा माथि देखाउनुभएन। बरू, उनले स्त्रीहरूलाई पुरूषको साथमा उनीहरूको उचित स्थानमा पुनर्स्थापित गर्नुभयो। येशूले परमेश्वरको चरित्रमा निर्मित नयाँ राज्यको नैतिकता प्रकट गर्नुभयो। येशूले आफ्नो मृत्यु/पुनरूत्थानद्वारा पुनर्स्थापित, उद्धार गरिएको परिवारको सम्भावना ल्याउनुभयो।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com